# धार्चे गाउपालिकाको

## शिक्षा ऐन, २०७५ (पहिलो पटक)

## संशोधित तीन महलले

| क. स | साविकको व्यवस्था | हालको व्यवस्था | कैफियत |
|---|---|---|---|
| १. | दफा ४ शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः (क) देखी (ड) सम्म यथावत राख्ने | (ढ) गाउपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा रहेको शिक्षक दरबन्दीलाइ पुल दरबन्दीमा राखी दरबन्दी मिलान,सरुवा तथा विद्यालय संयोजन गर्ने। | गाँउपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा वृद्धि गरी विद्यार्थीको सिकाइमा परिवर्तन ल्याउनको लागी संशोधन गरिएको |
| २. | दफा २० यथावत | (२०क) गाउपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको विद्यार्थी संख्या र शिक्षक अनुपात मिलाउन शिक्षा समितिले पालिका भित्र रहेका शिक्षकहरुको दरबन्दी मिलान गरी गाउँ कार्यपालिकामा पेश गरी दरबन्दी मिलान गर्न सक्नेछ। | गाँउपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा वृद्धि गरी विद्यार्थीको सिकाइमा परिवर्तन ल्याउनको लागी संशोधन गरिएको |
| ३. | दफा ३३ शिक्षक तथा कर्मचारीको पदीय आचारण तथा अन्य व्यवस्था (क) देखी (छ) सम्म यथावत राख्ने | (ज्ञ) गाउ कार्यपालिकाले पारित गरेको आचार संहिता उल्लघन गरेमा । | गाँउपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा वृद्धि गरी विद्यार्थीको सिकाइमा परिवर्तन ल्याउनको लागी संशोधन गरिएको |
| ४. | दफा ३३ (२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाइ पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्रास भएमा गाँउ पालिकाले नीजलाइ पदबाट हटाउन सक्नेछ। तर कार्यरत पदबाट हटाउनु अघि | दफा ३३ (२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाइ पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्रास भएमा गाँउ पालिकाले नीजलाइ * शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले पदबाट हटाउन सक्नेछ। तर कार्यरत पदबाट हटाउनु अघि मनासिब | गाँउपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा वृद्धि गरी विद्यार्थीको सिकाइमा परिवर्तन ल्याउनको लागी संशोधन गरिएको |

धार्चे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सूचना प्रविधि शाखा माछिखोला, गोरखा गण्डकी प्रदेश

| | | | |
|---|---|---|---|
| | मनासिब माफिकको स्पष्टीकरणको मौका भने प्रदान गरिने छ। | माफिकको स्पष्टीकरणको मौका भने प्रदान गरिने छ। | |
| ५. | दफा ३९(१) विद्यालयमा रिक्त तथा राहत शिक्षक दरबन्दीमा अस्थायी तथा करार नियुक्तीको व्यवस्था तोकिए बमोजिम हुनेछ। | दफा ३९(१) विद्यालयमा रिक्त भएका बालसहजकर्ता, राहत शिक्षक, शिक्षक दरबन्दीमा अस्थायी तथा करार नियुक्तीको व्यवस्था तोकिए बमोजिम हुनेछ। | |
| ६. | दफा ३९(२) सरुवा हुन आवेदन दिने दरबन्दीमा कार्यरत शिक्षकलाइ गाउँपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँ शिक्षा समितिले तोकिए बमोजिमको प्रकृया अपनाइ रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ। | दफा ३९(२) सरुवा हुन आवेदन दिने दरबन्दीमा कार्यरत शिक्षकलाइ गाउँपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँ शिक्षा समितिले तोकिए बमोजिमको प्रकृया अपनाइ रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ।***तर गाउँपालिका शिक्षा समितिले पालिका भित्र दरबन्दी मिलान वा विद्यालय संयोजन गर्ने क्रममा शिक्षक सरुवा गर्ने अवस्थामा माथी उल्लेखित व्यवस्था लागू हुन सक्ने छैन।** | गाँउपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा वृद्धि गरी विद्यार्थीको सिकाइमा परिवर्तन ल्याउनको लागी संशोधन गरिएको |
| ७ | दफा ९ को उपदफा ४ मा<br>शिक्षा समितिको काम, कर्त्तव्य र अधिकार देहाय वमोजिम हुनेछ : | (ण१) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्किएको अवस्था वा विद्यालय व्यवस्थापन समिति, अविभावक र विद्यालय प्रशासन बीच समस्या उत्पन्न भइ विद्यार्थीको शैक्षिक पठनपाठनमा नै गभिर परिस्थिति उत्पन्न भएको अवस्थामा गाउँशिक्षा समितिले वडा शिक्षा समितिको सिफारिसमा वा सितै त्यस्ता. विद्यालय व्यवस्थापन समिति विघटन गरी पुर्नगठन गर्न सक्नेछ। | |
| ८ | दफा १७ विद्यालय व्यवस्थापन समिति<br>(५) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन | (५) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ ।यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन | |

धार्चे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सूचना प्रविधि शाखा
माछिखोला, गोरखा
गण्डकी प्रदेश

| | | | |
|---|---|---|---|
| | समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गाउँ शिक्षा समिति स्वयंले गर्नेछ। | विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गाउँ शिक्षा समिति स्वयंले गर्नेछ। *तर गाउँपालिका शिक्षा समितिबाट विघंटन गरिएको विद्यालय व्यवस्थापन समितिको हकमा भने त्यस्तो विद्यालयमा व्यवस्थापन समिति पुर्नगठन नभए सम्मको लागी वडा शिक्षा समिति वा वडा शिक्षा समितिले तोकिएको प्रतिनिधिले विद्यालयमा व्यवस्थापन समितिको कार्य गर्न सक्नेछ। | |

धार्चे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सूचना प्रविधि शाखा
माछिखोला, गोरखा
गण्डकी प्रदेश